नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP)

**(IDA credit – 6149 NP)**

## दूध तथा दुग्ध पदार्थ, मासु तथा मासुजन्य पदार्थ र च्यौंङ्ग्रा पश्मिनासंग आवद्ध उत्पादक संघहरुलाई उत्पादनमूलक गठबन्धनको ढाँचामा उप-आयोजना अवधारणा पत्र (PCN) पेश गर्ने बारे सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०३/१६

विश्व बैंकको ऋण सहयोगमा सञ्चालित यस नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले उत्पादनमूलक गठवन्धनलाई प्रवर्द्धन र संस्थागत गर्न सो गठबन्धनमा आवद्ध भएका उत्पादक संघहरु* लाई आयोजना लागू भएका २८ जिल्लाहरु मध्ये २६ जिल्लाहरुबाट दूध तथा दुग्ध पदार्थ र खसी बोकाको मासु तथा मासुजन्य पदार्थमा र बाँकी दुई जिल्ला मुस्ताङ तथा मनाङबाट च्याङ्ग्रा पश्मिनामा तोकिएको ढाँचामा उप-आयोजना अवधारणा पत्र पेश गर्न आह्वान गर्दछ। उत्पादनमूलक गठबन्धनमा आवद्ध हुने पात्रहरु मध्ये उत्पादनकर्ता (Producers) लाई प्रतिस्पर्धाको आधारमा लगानीको ५० प्रतिशत वा अधिकतम रु १ करोडसम्म पूरक अनुदान सहित प्राविधिक सेवा/टेवा तथा व्यवस्थापकीय सुधारको लागि आयोजनाले सघाउने छ। खरिदकर्ता (Buyer) हरुका लागि भने उत्पादनकर्ताहरुबाट आफ्नो व्यवसाय संचालनका लागि निश्चित समयमा तोकिएको परिमाण र गुणस्तरको वस्तु सहजै आपूर्ति हुनेछ। यस गठबन्धनको माध्यमबाट दुवै पक्षलाई लाभ हुन गई पशुजन्य पदार्थको उत्पादन र बिक्री वितरणमा उल्लेखनीय परिवर्तन आउने अपेक्षा गरिएको छ।

आयोजना लागू भएका जिल्लाहरु, उप-आयोजना सञ्चालनका आधारभूत शर्तहरु, आवेदक संघहरुको योग्यता, उप-आयोजना अवधारणा पत्र तयारी, उप-आयोजना अवधारणापत्र प्रस्तावको लागि आवश्यक पर्ने कागजातहरु, प्रस्तावहरुको मूल्यांकन तथा स्थलगत प्रमाणीकरण आदि बारे जानकारी आयोजनाको स्वीकृत "उप आयोजना अवधारणापत्र तयारी तथा प्रमाणीकरण विधि" बाट प्राप्त गर्न सक्नु हुनेछ।

उप-आयोजना अवधारणा पत्र पेश गर्ने कार्यालय तथा अन्तिम म्यादः उप-आयोजना अवधारणा पत्र आवेदक संघहरुले आफ्नो उप-आयोजना अवधारणा पत्र यो सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र उप आयोजना अवधारणा पत्र तयारी तथा प्रमाणीकरण विधिमा उल्लेख भएका कार्यालयहरुमा पेश गर्नु पर्नेछ। म्याद नाघी आएका उप-आयोजना अवधारणा पत्र उपर कुनै कारवाही गरिने छैन।

उप-आयोजना अवधारणा पत्र तयारी तथा प्रमाणीकरण विधि तथा अन्य जानकारीहरु आयोजनाको Website: nlsip.gov.np मा उपलब्ध छ। थप जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ ।

आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुरः फोन नं. ९७७-०१-५५५४९०६

विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुः

पोखरा, फोन ०६१-५२७१२०, हेटौडा, फोन नं . ०५७-५२४५७४, विराटनगर, फोन नं. ०२१-५००२८३, बुटवल, फोन नं. ०७१-५५०५८०

* उत्पादक संघ भन्नाले: दूध, खसीबोकाको मासु र च्याङ्ग्रा पश्मिना उत्पादन तथा प्रशोधन कार्यमा संलग्न आफ्ना सदस्यहरुका साझा चासो एवम् हितकालागि काम गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम गठन भएका संस्था, संघ र महासंघहरुलाई बुझाउदछ।

आयोजना निर्देशक